मिति: २०७५।०८।०५

गोरखा नगरकार्यपालिकाको बैठकमा छलफल हुने प्रस्तावहरु:

१. कृषक सन्जाल कार्यान्वयन कार्यविधि, २०७५

२.वडा कार्यालयमा कम्प्युटर अपरेटरर, नगरपालिकामा अमिन राख्ने सम्वन्धमा

३. ज्येष्ठ नागरिक विरामी परिचय पत्र व्यवस्थापन सम्वन्धमा

४. उपभोक्ता समितिलाई तालिम तथा वडामा गई योजना सम्झौता गर्ने सम्वन्धमा

५. सरसफाई कर्मचारी व्यवस्थापन सम्वन्धमा

६. अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ सम्वन्धमा

७. फुटपाथमा राखिएका निर्माण सामग्री हटाउने सम्वन्धमा

८. कृषकलाई हाते ट्याक्टर खरिदमा अनुदान दिने सम्वन्धमा

९. पशुपालन गर्ने कृषकलाई घाँस विउ वितरण सम्वन्धमा

१०.वडा नं. ५ मा रहेको शहरी स्वास्थ्य भवन परिसरमा शौचालय निर्माणको लागि वजेट व्यवस्थापन सम्वन्धमा

११. यस आ.व.मा हाल सम्म नगरपालिकाबाट निर्णय भई कार्यान्वयनमा रहेका योजनाहरुको अनुमोदन गर्ने सम्वन्धमा ।

१२. यस नगरपालिका क्षेत्र भएर वग्ने दरौंदी नदी, मर्स्यांदी नदी र मसेल खोलाको विभिन्न घाट तथा क्षेत्रबाट ढुंगा, गिटी र वालुवा उत्खनन्, संकलन तथा बिक्री गर्ने सम्वन्धमा भएको निर्णय अनुमोदन गर्ने सम्वन्धमा ।

१३. न्यायिक समितिको लागि कानूनी सल्लाहकार राख्ने सम्वन्धमा

१४. एम्वुलेन्स खरिद सम्वन्धमा

१५. विविध

राजनराज पन्त
प्रमुख

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

मिति २०७५।०८।०५मा वसको कार्यपालिका बैठकका निर्णयहरु:

निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा यस नगरपालिका भित्रका कृषकहरुलाई सञ्जालमा आवद्ध गर्नका लागि कृषि सञ्जाल कार्यविधि,२०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. १ मा छलफल गर्दा यस नगरपालिकामा अमिन र वडातहमा सहायक स्तरको कर्मचारीको अभाव भई कार्यभार अनुसार कार्यसम्पादन गर्न गाह्रो भइरहेकोले नगरपालिकाको कर्मचारी पदपूर्ति समितिले छनोट गर्ने गरी नगरपालिकाको कार्यालयमा एक जना अमिन र १४ वडाको लागि एकएक जना राख्ने गरी १४ जना कम्प्युटर अपरेटर राख्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्रका जेष्ठ नागरिकहरुको स्वास्थ्य मासिक रुपमा परीक्षण गरी जेष्ठ नागरिकहरुको स्वास्थ्य अवस्थाको विवरण अद्याधिक गर्ने प्रयोजनार्थ मिति २०७५।०९।०१ बाट लागू गर्ने गरी यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुवाट जेष्ठ नागरिक परिचय पत्र वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा वडास्तरवाट सञ्चालन हुने योजनाहरुको सम्झौता गर्न र उपभोक्ताहरुलाई तालिम दिने सम्वन्धमा देहायवमोजिम हुने गरी मिति तय गरियो :

| वडा नं. | योजना सम्झौता मिति | तालिम हुने मिति |
|---|---|---|
| १,४,९ र १२ | २०७५।०८।१२ | २०७५।०८।१६ |
| २,५,१० र १३ | २०७५।०८।१३ | २०७५।०८।१७ वडा नं. ७ समेत |
| ३,६,११ र १४ | २०७५।०८।१४ | २०७५।०८।१८ वडा नं. ८ समेत |
| ७ र ८ | २०७५।०८। १२,१३ र १४ | |

निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिकाको शहरी क्षेत्रमा सडक सरसफाई गर्ने कर्मचारी अभाव भई सरसफाइ हुन नसकेको भनी नागरिकहरुको गुनासो वढिरहकोले हाललाई उक्त समस्या समाधान गर्नको लागि एक जना स्वीपर करारमा राख्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस नगरपालिकाको सडकको फुटपाथमा राखिएका निर्माण सामग्रीहरुले दुर्घटना बढाइरहेको तथा नगर क्षेत्रको सुन्दरता विग्रदै गएकोले उक्त सामग्रीहरु हटाउन एक हप्ताको सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

राजनराज पन्त
प्रमुख

Scanned by CamScanner

निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस नगरपालिका भित्रका कृषकहरुलाई हाते ट्याक्टर खरिद गर्नका ५० प्रतिशत अनुदान दिने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस नगरपालिकाबाट वितरण हुने घाँसको बिउ व्यावसायिक रुपमा पशुपालन गरेका किसानलाई दिइने भएकोले सम्बन्धित वडाबाट कृषकको नाम संकलन गरी नामावली पठाइदिने र संकलित नामावलीबाट प्राथमिकताको आधारमा घाँसको बिउ वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

प्रस्ताव नं. १० मा छलफल गर्दा वडा नं. ५ मा निर्माण भएको शहरी स्वास्थ्य भवन परिसरमा शौचालय निर्माण गर्न आवश्यक देखिएको, सो स्थानमा शौचालय निर्माणको लागि यस आ.व.मा बजेट विनियोजन नभएको कारण नगरस्तरीय समपुरक रकम रु.२,७८,२२,४४७- मध्येबाट सो स्थानमा शौचालय निर्माण गर्नको लागि रु ५ लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

यस आ.व.मा हालसम्म योजना कार्यान्वयन गर्न नगरप्रमुखज्यूबाट भएका तपशील बमोजिमका निर्णयहरु अनुमोदन गरियो ।

नगरसभाबाट स्वीकृत नगरस्तरीय मर्मत सम्भार कार्यक्रम तर्फ विनियोजन गरिएको रु. २००००००/- बीस लाख बाट

क. आपस्वांरा जोरचौतारा सडक मर्मत रु. ५०००००/- (पांच लाख) ।
ख. आहालेभञ्ज्याङ्ग स्वामीचौतारा सडक मर्मत रु. ५०००००/- (पांच लाख)
ग. वि.पी.चोक धारापानी सडक मर्मत रु. ५०००००/- (पांच लाख)
घ. चिल्ड्रेनपार्क हांगेबाटोबाट सतिपीपल सडक मर्मत रु. ५०००००/- (पांच लाख)

१. नगरस्तरीय समपुरक रकम रु. २७८२२४४७/- मध्येबाट खर्च गर्ने गरि
   क. बराह आहालेभञ्ज्याङ्ग सडक मर्मत रु. ५०००००/- (पांच लाख)
   ख. न.पा. परिसरमा वाल निर्माण रु. ५०००००/- (पांच लाख)
   ग. न.पा. परिसरमा पार्किङ्गस्थल निर्माण रु. ५०००००/- (पांच लाख)
   घ. गोरखा गेट निर्माणको लागि रु. २००००००/- (बीस लाख)
   ङ. न.पा. परिसरमा शौचालय निर्माण रु. ५०००००/- (पांच लाख)
   च. शिखर लुदीखोला सडक मर्मत रु. ३००००/- (तीस हजार)

   जम्मा रु. ४०,३००००/-

२. नगरस्तरीय विपद व्यवस्थापन तर्फ विनियोजन गरिएको रु. २०००००० /- (बीस लाख) मध्येबाट खर्च गर्ने गरि
   क. अबुवा पालुम्टार सडक मर्मत रु. ५०००००/- (पांच लाख)

कृष्णा कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

राजनराज पन्त
प्रमुख

Scanned by CamScanner

ख. ग्राभेल ढुवानी रु. ५०००००/- (पांच लाख)

ग. बालुवा ढुवानी गरे वापत ट्याक्टर खर्च रु. ८४०००/- (चौरासी हजार मात्र)

जम्मा रु. १०८४०००/- (दश लाख चौरासी हजार मात्र)

नगरसभा सम्पन्न भए पश्चात बिभिन्न मितिमा वडा समितको बैठकबाट निर्णय भई योजना स्वीकृतको लागि सिफारिस भई आएका र नगरप्रमुखबाट स्वीकृत भएका तपशील वमोजिमका वडास्तरीय योजना तथा कार्यक्रमहरु आजको यस नगर कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो ।

१. वडा नं. ४ को मर्मत संभारमा विनियोजन गरिएको रु. ५०००००/- मध्येबाट खर्च गर्ने गरी वडा नं. ४ अन्तर्गतका सडक मर्मत का लागि रु. ३५००००/-

२. वडा नं. ५ को मर्मत संभार तथा भैपरि आउने कोषमा विनियोजन गरिएको रु. ५०००००/- मध्येबाट खर्च गर्ने गरी वडा नं. ५ अन्तर्गतका सडक मर्मत का लागि रु. १०००००/- एक लाख ।.

३. वडा नं. ७ को मर्मत संभार तथा भैपरि आउन खर्च अन्तर्गत विनियोजन गरिएको रु. ५०००००/- मध्येबाट खर्च गर्ने गरी वडा नं. ७ अन्तर्गतका सडक मर्मत का लागि रु. १०००००/- एक लाख ।

४. वडा नं. ८ को मर्मत संभारमा विनियोजन गरिएको रु. १००००००/- दश लाख मध्येबाट खर्च गर्ने गरी वडा नं. ८ अन्तर्गतका सडक मर्मतका लागि रु. १०००००/- एक लाख ।

५. वडा नं. ९ को बिभिन्न योजनाहरुलाई चालु अवस्थामा राख्न मर्मत संभारमा विनियोजन गरिएको रु. ८०००००/- आठ लाख मध्येबाट खर्च गर्ने गरी

क. वडा नं. ९ अन्तर्गतका सडक मर्मत का लागि रु. १०००००/- एक लाख ।

ख. सिर्दी दलभञ्ज्याङ्ग टोल विकास संस्था सडक बत्ती रु. ३५०००/- पैतिस हजार ।

ग. श्री शिवनगर युनाईटेड क्लव खेलकुद कार्यक्रम रु. ३५०००/- पैतिस हजार ।

घ. पिपलबोट टोल विकास संस्था सडक बत्ती मर्मत रु. ३५०००/- पैतिस हजार ।

जम्मा रु. २०५०००/-

६. वडा नं. १० को लागि विनियोजन गरिएको वजेट मधयेबाट विपद व्यवस्थापनमा विनियोजन गरिएको रु. २०००००/- दुई लाख मध्येबाट खर्च गर्ने गरी निम्न व्यक्तिहरुलाई दिएको आर्थिक सहायता रकम

| | |
|---|---|
| क. वल बहादुर बस्नेत | रु. ५०००/- (पांच हजार) |
| ख. देवी राना | रु.५००००/- (पांच हजार) |
| ग. बिष्णु बहादुर गोतामे | रु. ५०००/- (पांच हजार) |
| घ. वल बहादुर थापा | रु. ५०००/- (पांच हजार) |
| ङ तिलक बहादुर राना | रु. ५०००/- (पांच हजार) |
| च. थाम बहादुर वि.क. | रु. ५०००/- (पांच हजार) |

कृष्णा कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

राजनराज पन्त
प्रमुख

Scanned by CamScanner

ज. जित वहादुर वि.क. रु. ५०००/- (पांच हजार)

७. वडा नं. १२ को लागि विनियोजन गरिएको वजेट मध्येबाट मर्मत सम्भार कार्यक्रममा विनियोजन गरिएको रु. ८०००००/- आठ लाख मध्येबाट खर्च गर्ने गरी स्वीकृत भएको रु. १०००००/- एक लाख ।

८. वडा नं. १३ को लागि विनियोजन गरिएको वजेट मध्येबाट मर्मत संभार कार्यक्रममा विनियोजन गरिएको रु.३०००००/- तीन लाख मध्येबाट खर्च गर्ने गरी स्वीकृत भएको रकमबाट

क. वडा नं. १३ का सडक मर्मत संभार रु. १०००००/- एक लाख ।

ख. महिला लक्षित कार्यक्रम तर्फको रु. १०००००/- एक लाख मध्येबाट तीज गित प्रतियोगिताको लागि रु. ५००००/- पचास हजार ।

९. वडा नं. १४ को लागि विनियोजन गरिएको वजेट मध्येबाट वडा कार्यालय संचालन तथा मर्मत संभार कार्यक्रममा विनियोजन गरिएको रु. २५००००/- दुई लाख पचास हजार मध्येबाट खर्च गर्ने गरी स्वीकृत भएको रकमबाट

क. वडा नं. १४ का सडक मर्मत संभार रु. १०००००/- एक लाख ।

ख. तिज गित प्रतियोगिता रु. ३५,०००/- पैतीस हजार मात्र ।

ग. झोला छाता लाईट खरिद रु. १५०००/- पन्ध्र हजार मात्र

घ. रुख कटान तथा व्यवस्थापन रु. २५०००/- पच्चीस हजार मात्र

ङ चियापान खर्च रु. १००००/- दश हजार मात्र

च. टुहुरा बालक दशै खर्च सहयोग रु. ५०००/- पांच हजार मात्र

जम्मा रु. १९००००/- एक लाख नव्बे हजार मात्र ।

निर्णय नं. १२

गोरखा नगरपालिका क्षेत्र भएर बग्ने मसेल खोला, दरौंदी नदी र मर्स्यांदी नदी किनारको विभिन्न घाटहरुवाट ढुंगा, गिटी र वालुवा उत्खनन्, संकलन र बिक्री सम्बन्धीको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन जिल्ला समन्वय समितिको मिति २०७५।०७।१९ को निर्णयबाट स्वीकृत भएको र उक्त प्रतिवेदनका आधारमा विभिन्न घाट तथा क्षेत्रहरुमा ढुंगा, गिटी र वालुवा उत्खनन् संकलन तथा बिक्री सम्बन्धी ठेक्का लगाउने सम्बन्धी शर्त तथा सूचना गर्न भएको निर्णय अनुमोदन गरियो ।

निर्णय नं. १३

यस नगरपालिकाको न्यायिक समितिले आफ्नो भूमिका अनुसार काम गर्नको लागि कानूनी सल्लाहकार नभएको हुनाले अपेक्षाकृत रुपमा काम गर्न नसकिएकोले कानूनी विषयमा सल्लाह लिनको लागि एक जना कानूनी सल्लाहकार राख्ने निर्णय गरियो ।

निर्णय नं. १४

यस नगरपालिकाको क्रमागत योजना अन्तर्गत तारानगर स्वास्थ्य चौकीलाई एम्बुलेन्स खरिद कार्यक्रमको लागि रु. १० लाख वजेट विनियोजन भएको र तारानगर स्वास्थ्य चौकी व्यवस्थापन समिति मार्फत खरिद गर्नका लागि रकम माग

राजनराज पन्त
प्रमुख

कुमारी श्रेष्ठ
कार्यकारी अधिकृत

Scanned by CamScanner

गरेकोले खरिदसम्बन्धी सम्पूर्ण कार्यविधि अपनाई उक्त स्वास्थ्य चौकी व्यवस्थापन समितिलाई एम्बुलेन्स खरिद प्रक्रिया अघि बढाउने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. १५

प्रस्ताव नं. १५ विविध शीर्षक अन्तर्गत गोरखा नगरपालिकाको सीमानामा रहेको आँबु खैरेनी गाउँपालिकाले गोरखा नगरपालिकामा आयात गरिने खाद्य पदार्थमा लिने गरेको निकासी कर तथा गोरखा नगरपालिकाको वडा नं. १३ लाई प्रभाव पर्ने किसिमले गरेको फोहोरमैला व्यवस्थापनको सम्वन्धमा छलफल गर्ने निर्णय गरियो ।

कृष्ण कुमारी श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

राजनराज पन्त
प्रमुख

Scanned by CamScanner